## पाठ ४२

१. परमेश्वरले उद्धारकर्ता पठाउँछु भन्नुभएको धेरै वर्ष बितिसकेको थियो तर के परमेश्वरले उहाँको प्रतिज्ञा बिर्सनुभयो ?
- बिर्सनुभएन ।

२. आउनुहुनेवाला उद्धारकर्ताको बारेमा परमेश्वरले कस मार्फत सन्देश पठाउनुभयो ?
- अगमवक्ताहरूमार्फत ।

३. परमेश्वरले अगमवक्ताहरूमार्फत आउनुहुने उद्धारकर्ताको बारेमा कहाँ भन्नुभएको छ ?
- परमेश्वरको पुस्तक बाइबलमा ।

४. के धेरैजसो इज्रेलीहरूले परमेश्वरका अगमवक्ताले भनेको कुरा माने ?
- मानेनन् ।

५. परमेश्वरका अगमवक्ताहरूलाई इज्रेलीहरूले के गरे ?
- तिनीहरूले अगमवक्ताहरूलाई मारे ।

६. परमेश्वरका अगमवक्ताका कुरा सुन्नुभन्दा पनि इज्रेलीहरूले कसका कुरा सुने ?
- झूठा अगमवक्ताहरूका ।

७. झूठा अगमवक्ताहरूले तिनीहरू परमेश्वरका अगमवक्ता हुन् भने तर तिनीहरूले कसको झूठ बोलिरहेका थिए ?
- शैतानको ।

८. के आफूले बनाएका मूर्तिहरूको पूजा गर्ने इज्रेलीहरूले मन्दिरमा गएर गरेको आराधना परमेश्वरले ग्रहण गर्नुहुन्थ्यो ?
- गर्नुहुन्नथ्यो ।

९. परमेश्वरले किन आफूले बनाएका मूर्तिहरूको पूजा गर्ने इज्रेलीहरूले मन्दिरमा गएर गरेको आराधना परमेश्वरले ग्रहण गर्नुहुन्नथ्यो ?
- किनभने परमेश्वरलाई तिनीहरूले केवल तिनीहरूका ओठले मात्रै उहाँको भक्ति गरिरहेका छन् भन्ने थाहा थियो ।

- किनभने परमेश्वरलाई तिनीहरू तिनीहरूका हृदयमा भएको मूर्तिलाई पूजिरहेका छन् भन्ने थाहा थियो ।

१०. हाम्रो हृदयको बारेमा सबै कुरा कसलाई थाहा छ ?
- परमेश्वरलाई ।

११. हाम्रो हृदयको बारेमा परमेश्वरले के भन्नुहुन्छ ?
- परमेश्वर हाम्रो हृदय पापले भरिएको छ भन्नुहुन्छ ।

१२. यद्यपि त्यहाँ धेरैजसो इज्रेलीहरूले मूर्तिपूजा गरिरहेका थिए तिनीहरूमध्ये कोही जो परमेश्वरको मात्रै आराधना गर्नेहरू पनि थिए ?
- थिए, तिनीहरू थोरै थिए ।

१३. जसले परमेश्वरको मात्रै आराधना गरिरहेका थिए ती इज्रेलीहरूले कसको प्रतीक्षा गरिरहेका थिए ?
- तिनीहरू परमेश्वरले पठाउनुहुने उद्धारकर्ताको प्रतीक्षा गरिरहेका थिए ।

- परमेश्वर धीर हुनुहुन्छ ।
- परमेश्वर मानिसहरूले पापको बाटो त्यागेर परमेश्वरको मार्गमा आऊन् भनेर पर्खिनुहुन्छ ।

- परमेश्वरले नोआको समयका मानिसहरूलाई पापको बाटो त्यागेर परमेश्वरको मार्गमा आऊन् भनेर १२० वर्ष प्रतीक्षा गर्नुभयो ।

- परमेश्वरले इज्रेलीहरूलाई पनि पापको बाटो त्यागेर परमेश्वरको मार्गमा आऊन् भनेर २०० वर्ष भन्दा पढी प्रतीक्षा गर्नुभयो ।

- तर इज्रेलीहरू पापको बाटोबाट फर्किएनन् ।

- इज्रेलीहरूले परमेश्वरले तिनीहरूको पापको बारेमा बिर्सिनुहुन्छ होला भन्ने विचार गरे ।

- के परमेश्वरले तिनीहरूको पाप बिर्सनुभएको थियो ?
- थिएन ।

- इज्रेलीहरूले परमेश्वरले तिनीहरूको पापको सजाय दिनुहुन्नहोला भ्नने ठानेका थिए ।

- के परमेश्वर सबै पापको दण्ड दिनुहुन्छ ?

- दिनुहुन्छ ।

- नोआको समयका मानिसहरूको पापको दण्ड दिएजस्तै परमेश्वरले इज्रेलीहरूलाई पनि दण्ड दिनुभयो ।

- परमेश्वरले इज्रेलका दश कुललाई कसरी सजाय दिनुभयो ?

- परमेश्वरले अस्सुरियनहरूलाई इज्रेलका दश कुलमाथि उपनिवेश बनाउन लगाउनुभयो र तिनीहरूले इज्रेलीहरूलाई दास बनाए ।

आउनुस् २ राजा १७:५-८ पद पढौं ।

[5] अश्शूरका राजाले इस्राएलमा धेरै ठाउँहरूमा आक्रमण गरे। त्यसपछि तिनी सामरिया आए। उनले
सामरियाको विरोधमा तीन बर्ष युद्ध गरे। [6] अश्शूरका राजाले इस्राएलका राजा होशेको नवौं बर्षको
अवधिमा सामरियालाई कब्जामा लिए। अश्शूरका राजाले धेरै इस्राएलीहरूलाई पक्रे र बन्दीको रूपमा अश्शूर लगे। उनले तिनीहरूलाई हलहमा गोजान, नदीको किनार हाबोर र माहीहरूका शहरहरूमा छोडी दिए।

[7] यस्ता घटनाहरू भए किनभने इस्राएलीहरूले परमप्रभु तिनीहरूको परमेश्वरको विरूद्धमा पाप काम गरेका थिए। जसले तिनीहरूलाई मिश्र भूमिबाट बाहिर निकालेर ल्याउनु भएको थियो। परमप्रभुले तिनीहरूलाई मिश्रका राजा फिरऊनको कब्जाबाट बचाउनुभएको थियो। तर इस्राएलीहरूले अरू
देवताहरूको पूजा गर्न थाले। [8] तिनीहरू त्यही कुराहरू गर्न थाले जो अरू मानिसहरू गर्दथे। र परमप्रभुले ती मानिसहरूलाई भूमि छोड्न वाध्य गराए जब इस्राएलीहरू आए। इस्राएलीहरूका राजाहरूले पनि तिनीहरूलाई गलत काम गर्न लगायो।

- अस्सुरियनहरूले इज्रेलको दश कुलमाथि चढाइँ गरेर तिनीहरूको देशलाई उपनिवेश बनाएर धेरै इज्रेलीहरूलाई आफ्नो देशमा दास बनाएर लिएर गए ।

- अस्सुरियनहरूले अरु देशका मानिसहरूलाई इज्रेलमा बसोबास गर्न ल्याए र तिनीहरू इज्रेलीका माझमा रहे ।

- अस्सुरियनहरूले अरू देशहरूबाट इज्रेलमा बसोबास गर्न ल्याएका मानिसहरूले परमेश्वरमा विश्वास गर्दैनथे तर तिनीहरू आफूले बनाएका मूर्तिहरूमा विश्वास गर्थे ।

- ती इज्रेलमा बसोबास गर्न आएका मानिसहरूले इज्रेलीहरूसँग विहाबारी गरे र नयाँ पुस्ताको सुरुवात भयो ।

- ती नयाँ मानिसहरू सामरियन कहलाइए ।

- ती सामरीहरूले परमेश्वरको पूजा आराधना तिनीहरूको आफ्नै तरिकाले गरे तर परमेश्वरको तरिकाले होइन ।

- इज्रेलको दश कुललाई सजाय दिइसकेपछि परमेश्वरले यहूदाको दुई कुललाई कसरी सजाय दिनुभयो ?

- परमेश्वरले बेबिलोनीहरूलाई यहूदाको दुई कुलमाथि चढाइ गर्न पठाउनुभयो र तिनीहरूले तिनीहरूलाई दास बनाए ।

आउनुस् २ राजा २५:१-७ पद पढौं ।

यसकारण नबूकदनेस्सर बाबेलका राजा र उनका सबै सेनाहरू यरूशलेमको विरूद्धमा युद्ध गर्न
आए। यो घटना सिदकियाहको नवौं बर्ष राज्यकालको दशौं महीनाको दशैं दिनमा भयो।
नबूकदनेसरका सेनाले शहरको पर्खाल वरिपरि धेरै घेरा मचान खडा गरे। उनले शहरको चारैतिर
माटोको भित्ता बनाए। [2] नबूकदनेसरको सेनाहरूले सिदियाह यहूदाका राजाको एघाह्रौं बर्ष
नहुन्जेलसम्म यरूशलेमको चारैतिर बसे। [3] शहरमा अनिकाल विकराल हुँदै गयो। चौथो महीनाको
नवौं दिन शहरमा साधारण मानिसहरूका लागि अझै खाद्य थिएन।

[4] नबूकदनेस्सरका सेनाहरूले अन्तमा शहरको भित्तालाई भत्काए। त्यस रात राजा सिदकियाह र
उनका सबै सैनिकहरू भागे। तिनीहरूले गोप्यद्वार प्रयोग गरे जुन दुइ पर्खाल भएर गएको थियो।
यो राजाको बगैंचा भएर गएको थियो। शत्रुका सैनिकहरू शहरको वरिपरि थिए तर सिदकियाह र
उनका मानिसहरू मरूभूतिको बाटो भएर भागे। [5] बाबेली सेनाहरूले राजा सिदकियाहलाई पछ्याए
अनि यरीहो छेऊ उनलाई पक्रिए। सिदकियाहाका सबै सैनिकहरूले उनलाई छोडे अनि भागे।

[6] बाबेलीहरूले राजा सिदकियाहलाई रिब्लामा बाबेलका राजा कहाँ लगे। बाबेलीहरूले सिदकियाहलाई
सजाय दिने निश्चय गरे। [7] तिनीहरूले सिदकियाहका छोराहरूलाई उनकै सामु मारे। तब तिनीहरूले
सिदकियाहका आखाँहरू निकाले तिनीहरूले उनलाई साङ्गलाले बाँधे अनि बाबेल पुर्याए।

- बेबिलोनीहरूले यहूदाका दुई कुलमाथि चढाइ गरेर त्यसलाई उपनिवेश बनाए र तिनीहरूमध्ये धेरैलाई आफ्नो देशमा दास बनाउन लिएर गए ।

- बेबिलोनीहरूले जेरुसलेम शहरलाई ध्वस्त पनि बनाइदिए ।

आउनुस् २ राजा २५:९-१२ र २१ पद पढौं ।

[9]नबूजरदानले परमप्रभुको मन्दिर, राजाको महल र यरूशलेमका सबै घरहरू जलाए। उनले मुख्य मानिसहरूका घरहरू पनि जलाए। [10]तब नबूजरदानसँगै भएको बाबेली सेनाहरूले यरूशलेमको वरिपरिको पर्खाहरू लडाए। [11]नबूजरदानले शहरमा छोडिएका सबै मानिसहरूलाई पक्रे। नबूजरदानले बाबेलको राजा समक्ष आत्म समर्पण गरेका सबै मानिसहरूलाई बन्दीको रूपमा लगे। [2]नबूजरदानले साधारण मानिसहरूमा अत्यन्त दरिद्रलाई मात्र त्यहाँ बस्न दिए। उनले तिनीहरूलाई बस्न दिए जसले गर्दा तिनीहरू दाख र अन्य बालीको हेरचाह गर्न सकून्।

[21]यसरी यहूदाका मानिसहरू आफ्नो देशबाट बन्दीको रूपमा लखेटिए।

- बेबिलोनीहरूले जेरूशलेम शहर कसरी ध्वस्त बनाए ?

- तिनीहरूले मन्दिरमा आगो लगाइदिए ।
- तिनीहरूले पूरा जेरूशलेम शहरमा आगो लगाइदिए ।
- तिनीहरूले शहरलाई घरेको पर्खाल भत्काइदिए ।

- परमेश्वरले इज्रेलीहरूको दश कुल र यहूदाको दुई कुललाई सजाय दिनुभयो किनभने तिनीहरू पापको बाटोबाट फर्किएनन् ।

- धेरै वर्षपछि यहूदाका मानिसहरू जो बेबिलोनमा बसिरहेका थिए तिनीहरूले परमेश्वरमा पुकार गरे ।

- तिनीहरू परमेश्वरको सामुन्ने रोए, उहाँको सामुन्ने तिनीहरूका पाप स्वीकार गरे र तिनीहरूको पाप क्षमा गरिदिन आग्रह गरे ।

- किनभने परमेश्वर करुणाले भरिएको हुनुहन्छ त्यसैले परमेश्वरले तिनीहरूमध्ये धेरैलाई जेरूशलेम फर्किजाने अनुमति दिनुभयो ।

- जेरूशलेम फर्किएपछि यहूदाका मानिसहरूले के गरे ?

- तिनीहरूले मन्दिरको पुननिर्माण गरे ।
- तिनीहरूले जेरूशलेम शहर पुननिर्माण गरे ।
- तिनीहरूले शहरलाई घेर्न पर्खालको पुननिर्माण गरे ।

- यहूदाका मानिसहरू जो जेरूशलेम फर्किआएका थिए तिनीहरू नयाँ नाउँले बोलाइन लागे ।

- जो जेरूशलेम फर्किआएका थिए ती यहूदाका मानिसहरुको नयाँ नाउँ के थियो ?
- यहूदी ।

- यद्यपि यहूदीहरूले परमेश्वरको आराधान गर्थे तर तिनीहरूले आफूले बनाएको मूर्तिहरूको पूजा पनि गरिनै रहे ।

- त्यसैले परमेश्वरले यहूदीहरूमाथि चढाइँ गर्न दुई थरी मानिसहरूलाई पठाउनुभयो ।

- परमेश्वरले यहूदीहरूमाथि शासन गर्न पठाउनुभएका दुई थरी मानिसहरू को थिए ?
- ग्रीक र रोमीहरू ।

- पहिले, यहूदीहरूमाथि शासन गर्न परमेश्वरले ग्रीकहरूलाई पठाउनुभयो ।

- ग्रीकहरूले यहूदीहरूलाई पराजित गरे र तिनीहरूको भूमि कब्जा गरे ।
- ग्रीकहरूले यहूदीहरूलाई तिनीहरूको भाषा पनि सिकाए ।

- ग्रीकहरू पछि परमेश्वरले रोमीहरूलाई यहूदीहरूमाथि शासन गर्न पठाउनुभयो ।

- रोमीहरूले यहूदीहरूलाई पराजित गरे र तिनीहरूको भूमि कब्जा गरे ।

- रोमीहरूलाई यहूदीहरूले कर तिर्नुपर्ने भयो ।

- रोमीहरूले धेरै यहूदीहरूलाई क्रूसमा किला ठोकेर मारे पनि ।

- रोमी सम्राटको नाउँ कैसर थियो ।
- कैसर रोममा बस्थे ।

- रोमीहरू कसको पूजा गर्थे ?
- रोमीहरू धेरै मूर्तिहरुको पूजा गर्थे ।
- रोमीहरू तिनका सम्राट कैसरको पनि पूजा गर्थे ।
- तत्कालीन समयमा जेरूशलेममा तीन थरी मत मान्ने यहूदी अगुवाहरू थिए ।

- तिनीहरु शास्त्री, फरिसी र सदुकी कहलाइन्थे ।

- यहूदीहरूका केही अगुवाहरू शास्त्री कहलाइन्थे ।

- शास्त्रीहरू को थिए ?

- परमेश्वरको वचन लेख्ने जो यहूदीहरु थिए तिनीहरू शास्त्री कहलाइन्थे ।

- धेरै समय पहिले हामीसँग अहिले हुनेजस्ता पुस्तकहरू हुँदैनथे ।

- जब मानिसहरूलाई केही थोक लेख्ने मन हुन्थ्यो तिनीहरु एउटा लामो कागजको टुक्रामा लेख्थे जुन दुवै तर्फबाट बटार्न मिल्थ्यो ।

- मोसाले परमेश्वरको वचन एउटा कागजको लामो टुक्रामा लेखेका थिए जसलाई दुवै तर्फबाट पट्याउन वा बटार्न मिल्थ्यो ।

- किनभने धेरै भन्दा धेरै मानिसले परमेश्वरको वचन पढ्न चाहन्थे त्यसैले परमेश्वरको वचन कागजको नयाँ टुक्रामा लेख्नु अनिवार्य थियो ।

- दिनैभरि नै नयाँ कागजमा परमेश्वरको वचन लेख्ने शास्त्रीहरूले  पुरानो कागजमा भएको उहाँको वचन हुबहु उतार गर्थे ।

- किनभने शास्त्रीहरूले जहिल्यै पनि परमेश्वरको वचन उतार गरिरहन्थे त्यसैले तिनीहरू घमण्डी थिए ।

- किनभने शास्त्रीहरूले जहिल्यै पनि परमेश्वरको वचन उतार गरिरहन्थे त्यसैले तिनीहरूलाई लाग्थ्यो कि तिनीहरूलाई सबै वचन थाहा छ ।

- परमेश्वरको वचन एउटा कागजबाट अर्को कागजमा उतार्दैमा उहाँको वचन बुझ्न सकिन्छ ?
- सकिदैन ।

- किनभने शास्त्रीहरु जहिल्यै पनि परमेश्वरको वचन उतार गरिरहन्थे त्यसैले तिनीहरु ठान्थे कि तिनीहरू पापरहित छन् ।

- परमेश्वरको वचन एउटा कागजबाट अर्को कागजमा उतार्दैमा पापरहित बनिन्छ ?
- बनिदैन ।
- धेरैजसो शास्त्रीहरू परमेश्वरमा विश्वास गर्दैनथे ।

- यहूदीहरूका अरू केही अगुवाहरू फरिसी कहलाइन्थे ।

- फरिसीहरू को थिए ?
- फरिसीहरू यहूदीहरूका अगुवा थिए जो परमेश्वरको वचन अरूलाई सिकाउँथे ।

- फरिसीहरूले यहूदीहरूलाई परमेश्वरको व्यवस्था पनि सिकाउँथे ।

- थप फरिसीहरूले तिनीहरूका आफ्नै नियमहरू पनि बनाएका थिए जो तिनीहरू यहूदीहरूलाई सिकाउँथे ।

- फरिसीहरूलाई तिनीहरू परमेश्वरो सबै व्यवस्था पालन गर्छौं भन्ने विश्वास थियो ।
- के कसैले परमेश्वरको सबै व्यवस्था पालन गर्न सक्छ ?
- सक्दैन ।
- किनभने फरिसीहरू सधैं परमेश्वरको वचन अरूलाई सिकाउँथे त्यसैले तिनीहरू धेरै घमण्डी थिए ।

- किनभने फरिसीहरू सधैं परमेश्वरको वचन अरूलाई सिकाउँथे त्यसैले तिनीहरू ठान्थे कि तिनीहरूलाई सबै थाहा छ ।

- के परमेश्वरको वचन अरूलाई सिकाउँदैमा सिकाउने मान्छेलाई सबै थाहा हुन्छ र ?
- हुँदैन ।

- किनभने फरिसीहरू सधैं परमेश्वरको वचन अरूलाई सिकाउँथे त्यसैले तिनीहरू ठान्थे कि तिनीहरू पापरहित छन् ।

- के परमेश्वरको वचन अरूलाई सिकाएँदैमा सिकाउने मान्छे पापरहित हुन्छ र ?
- हुँदैन ।
- धेरैजसो फरिसीहरू परमेश्वरमा विश्वास गर्दैनथे ।

- यहूदीहरूका अरू केही अगुवाहरू सदूकी कहलाइन्थे ।

- सदूकीहरू को थिए ?
- सदूकीहरू यहूदीहरूका अगुवा थिए जो धनी थिए र मन्दिरको रखवाली गर्थे ।

- किनभने सदूकीहरू धनी थिए र मन्दिरको रखवाली गर्थे त्यसैले तिनीहरू घमण्डी  थिए ।

- किनभने सदूकीहरूसँग धेरै  पैसा थियो त्यसैले तिनीहरू आफूलाई पापरहित ठान्थे ।

- के आफूसँग प्रसस्त पैसा हुँदैमा त्यसले तपाईंलाई पापरहित बनाउँछ ?
- बनाउँदैन ।
- धेरैजसो सदूकीहरू परमेश्वरमा विश्वास गर्दैनथे ।

- त्यो समयमा यहूदीहरूले सभाघर नाउँ गरेक भवनहरू बनाएका थिए ।

- सभाघरहरू के थिए ?
- सभाघरहरू ती ठाउँहरू थिए जहाँ यहूदीहरू भेला भएर मोसाले दिएको शिक्षाउपर छलफल गर्थे ।

- यहूदीहरूले सभाघहरू तिनीहरूका प्रत्येक शहरमा बनाएका थिए ।

- साताको अन्तिम दिनमा यहूदीहरू सभाघरहरूमा जान्थे र मोसाको शिक्षाको बारेमा सुन्थे ।

- मानिसहरू धेरैचोटि मोसाको शिक्षाको बारेमा व्याख्या गर्थे ।

- तर मानिसहरूले परमेश्वरमा विश्वास नगर्नेहुनाले तिनीहरूले मोसाले दिएको शिक्षाको व्याख्या गलत हुन्थ्यो ।

- त्यस समयमा धेरै यहूदीहरूले परमेश्वरमा विश्वास गर्दैनथे ।

- त्यस समयमा के त्यहाँ कोही यहूदीहरू थिए जसले परमेश्वरमा विश्वास गर्थे ?
- थिए ।

- त्यहाँ केही थोरै यहूदीहरूले थिए जसले परमेश्वरमा विश्वास गर्थे ।

- ती यहूदीहरूले परमेश्वरले पठाउनुहुने उद्धारकर्ताको प्रतीक्षा गरिरहेका थिए ।